राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ४०७/२०७१/०७२

निर्णय नं.७६६

जिल्ला कपिलवस्तु,कृष्णनगर नगरपालिका–४ बस्ने अंकुश कुमार श्रीवास्तव....................१ उजुरीकर्ता

विरूद्ध

कार्यालय प्रमुख, कृष्णनगर उद्योग बाणिज्य संघ, कपिलवस्तु..........................................१ विपक्षी
सूचना अधिकारी, कृष्णनगर उद्योग बाणिज्य संघ, कपिलवस्तु..........................................१

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला कपिलवस्तु,कृष्णनगर नगरपालिका–४ बस्ने अंकुश कुमार श्रीवास्तवले कृष्णनगर उद्योग बाणिज्य संघ, कपिलवस्तुले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७१।०१।०६ मा गरेको पुनरावेदकको सम्बन्धमा यस आयोगको मिति २०७२।०३।३१ च.नं.१४०६ को पत्रबाट निज पुनरावेदकसँग आवश्यक कागजात माग गरिएकोमा हालसम्म निजले आयोगमा ती कागजात बुझाएको देखिएन । साथै यस पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा पनि कुनै जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तोमलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्बवत् २०७३ बैशाख ५ गते रोज १ शुभम्